का.जि.प्र.का.द.नं. १००/०५९/६०
२० जेठ २०७९,
शुक्रबार
3 June 2022,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ११८ । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com

प्रचण्ड-माधवलाई

## प्रधानमन्त्रीको अफर !

सत्तारुढ दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले बिहीबार एकैदिन प्रधानमन्त्री बन्न अफर आएको बताएका छन् । स्थानीय चुनावबाट ठूलो क्षति बेहोरेको एमालेबाट प्रधानमन्त्रीको प्रस्ताव आएको प्रचण्ड र माधव नेपालले प्रष्टोक्ति दिएका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ जेठ ।

सुर्खेत पुगेका नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले बिहीबार प्रधानमन्त्री बन्न प्रस्ताव आएको बताएका छन् । नेकपा एमालेले अहिलेको सत्ता गठबन्धन तोड्न प्रधानमन्त्रीको अफर गरेको अध्यक्ष नेपालले बताएका हुन् ।

कर्णाली प्रदेशको राजधानी सुर्खेतमा अध्यक्ष नेपालले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई पनि प्रधानमन्त्रीको प्रस्ताव गरिएको बताएका छन् । 'प्रचण्डजीले एउटा कार्यक्रममा भन्नुभयो, मलाई प्रधानमन्त्रीको अफर आयो । त्यसपछि मैले जवाफ दिदैं भनेको थिएँ- तपाइलाई मात्र होइन, अन्त पनि आएको होला है । मैले सांकेतिक कुरा गरेको थिएँ', अध्यक्ष नेपालले आफूलाई पनि प्रधानमन्त्रीको अफर आएको बताए ।

यसअघि एमाले अध्यक्ष केपी शर्मा ओलीले आफूले चाहे एक हप्तामा सरकार ढाल्ने चेतावनी दिदै आएका थिए । ओलीले सरकार ढाल्ने चेतावनी दिन थालेको गत वर्षबाटै हो । स्थानीय तहको चुनाव अगाडि समेत सरकार ढाल्न समस्या नभएको बताएका थिए । ओली निकट नेताहरुले पनि त्यस्तै भाषा प्रयोग गर्ने गरेका थिए ।

तर स्थानीय चुनावमा भने एमाले विरुद्ध सत्ता गठबन्धन भयो । गठबन्धनविरुद्ध एमालेले ०७४ को चुनाव भन्दा ८९ सिट कम जितेको छ । तर सत्तारुढ दल नेपाली कांग्रेस सहित सबै दलको सिट संख्या बढेको छ ।

त्यसलगत्तै राजनीतिक कोर्स बदलिन सक्ने अनुमान भइरहेका बेला बिहीबार माधव नेपालले एमालेबाट प्रधानमन्त्रीको प्रस्ताव आएका बताएका हुन् । 'संकेत बुझिहाल्नुभयो, म तिर पनि आएको होला नि ? यस्ता लोभलालचको भुलभुलैयामा पर्ने मान्छे म होइन', अध्यक्ष नेपालले प्रधानमन्त्रीको प्रस्ताव अस्वीकार गरेको बताएका छन् । विहीबार नै प्रचण्डले पनि एक अन्तर्वार्ता दिदै प्रधानमन्त्रीको अफर आएको बताएका छन् । अनलाइन खबरसँगको अन्तर्वार्तामा प्रचण्डले प्रधानमन्त्रीको प्रस्ताव आएको खुलाएका हुन् । 'अहिले पनि प्रधानमन्त्री बन्नुस्, निर्वाचन गराउनुस् भन्न मान्छेहरु आउँछन् नि ! आएका छन्', प्रचण्डले भनेका छन् ।

तर प्रचण्डले पनि माधव नेपालले जस्तै प्रधानमन्त्रीको अफर अस्वीकार गरेको प्रष्टोक्ति दिएका छन् । 'तर मैले भनेको छु, गठबन्धन छोड्दिनँ । संविधान, लोकतान्त्रिक गणतन्त्र, संघीयता र राष्ट्रियताको रक्षा निम्ति गठबन्धन बनाइयो, यसको आवश्यकता अहिले पनि छ', प्रचण्डले अनलाइन खबरसँगको अन्तर्वार्तामा भनेका छन् । एमाले नेताहरुले भने प्रधानमन्त्रीको अफर गरेकोबारे कुनै प्रतिक्रिया दिएका छैनन् ।

एमाले प्रतिनिधिसभाको सवैभन्दा ठूलो दल भएकाले पनि यसबारे एमाले नेताहरुको प्रतिक्रियालाई चासोका साथ हेरिएको छ । यदि एमालेको प्रस्ताव स्वीकारेर माओवादी वा एकीकृत समाजवादीले समर्थन फिर्ता लिएमा प्रधानमन्त्री शेरबहादुर देउवा अल्पमतमा पर्नेछन् । तर प्रचण्ड र माधव नेपाल दुवैले अहिलेकै सत्ता गठबन्धन जोगाउन प्रतिबद्ध रहेकाले प्रधानमन्त्रीको प्रस्ताव अस्वीकार गरेको बताएका छन् ।



अहिले पनि प्रधानमन्त्री बन्नुस्, निर्वाचन गराउनुस् भन्न मान्छेहरु आउँछन् नि ! आएका छन् ।

**पुष्पकमल दाहाल 'प्रचण्ड'**
अध्यक्ष, माओवादी केन्द्र



प्रचण्डजीले एउटा कार्यक्रममा भन्नुभयो, मलाई प्रधानमन्त्रीको अफर आयो । त्यसपछि मैले जवाफ दिदैं भनेको थिएँ- तपाइलाई मात्र होइन, अन्त पनि आएको होला है ।'

**माधवकुमार नेपाल**
अध्यक्ष, एकीकृत समाजवादी

## नयाँ मेयर पुरानै समस्या

काठमाडौं महानगरपालिकाले नयाँ मेयर पाएपछि फोहोर व्यवस्थापनका लागि समिति गठन गरेको छ । तर, करिब ४ महिनादेखि सहरको फोहोर समयमा उठ्न नसक्दा भने शहर थप दुर्गन्धित बन्न पुगेको छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १९ जेठ ।



काठमाडौं उपत्यकाका गल्लीगल्लीमा पुन फोहोरका थुप्रा देखापर्न थालेका छन् । सिसडोलमा भएको पटक-पटकको अवरोधका कारण काठमाडौंको फोहोर उठ्न नसकेको हो । त्यसोत, काठमाडौं महानगरपालिकाले नयाँ मेयर पाएपछि फोहोर व्यवस्थापनका लागि समिति गठन भएको छ । तर, करिब ४ महिनादेखि सहरको फोहोर समयमा उठ्न नसक्दा शहर थप दुर्गन्धित भएको हो ।

फोहोरमैला व्यवस्थापन ऐन २०६८ ले फोहोरमैला व्यवस्थापनको जिम्मा स्थानीय तहलाई दिएपनि त्यसको व्यवस्थापनमा भने स्थानीय तह निकै कमजोर देखिएका छन् । जसको प्रत्यक्ष उदाहरण हो, काठमाडौं महानगरपालिका । गत स्थानीय चुनावमा निर्वाचित मेयर विद्यासुन्दर शाक्यले ५ वर्ष मेयर हुँदा फोहोर समाधानको लागि केही पहल नै गर्न नसकेको स्थानीयहरुको आरोप छ। अहिलेका नवनिर्वाचित मेयरले पनि फोहोरको व्यवस्थापन गर्नेमा सर्वसाधरण ढुक्क छैनन् ।

'अहिलेको नयाँ मेयरले केही गर्लान् कि फोहोर व्यवस्थापनमा लागेको छ, तर खोई के नै गर्न सक्लान् र ?' चाबेल निवासी पार्वती दाहालले भनिन् । जो आएपनि फोहोरको व्यवस्थापन प्राथमिकताका साथ गर्नुपर्नेमा उनको जोड छ । अहिले पनि उपत्यकाका महत्वपूर्ण सडक र गल्लीका कुनामा पोहोरको थुप्रो लागिरहेको छ ।

तर, सहरी विकास मन्त्री रामकुमारी झाँक्रीले बन्चरेडाँडा ल्याण्डफिल्ड साइटमा वैज्ञानिक तरिकाले फोहोर व्यवस्थापन गरिने दाबी गरेकी छिन् । 'तत्काललाई काठमाडौंको फोहोर व्यवस्थापन बन्चरेडाँडामा पुरानै किसिमले गरेपनि यसको वैज्ञानिक व्यवस्थापन जरुरी छ । महानगरसँग मन्त्रालय सधैं सँगसँगै मिलेर काम गर्न तयार छ', उनले भनिन् । मन्त्रालयमा काठमाडौंका मेयर र उपमेयर सहितको छलफल गर्दै उनले काठमाडौं महानगरसँग सहकार्य गरेर अघि बढ्ने दाबी गरेकी हुन् ।

तर, काठमाडौं महानगरपालिकाका प्रमुख बालेन साहले बन्चरेडाँडामा ल्याण्डफिल्ड साइटमा फोहोर विसर्जनका लागि मन्त्रालयसँग सहयोग गर्नुपर्ने भन्दै यस विषयमा मन्त्रालयले गरेका प्रतिबद्धता शतप्रतिशत कार्यान्वयन गर्नुपर्ने बताएका छन् । बञ्चरेडाँडामा तत्काल कसरी फोहोर विसर्जन गर्ने भन्ने विषयमा स्थानीयवासीलाई सहमत गर्ने विषयमा सहजीकरण गरिदिन पनि उनले आग्रह गरेका छन् ।

बन्चरेडाँडाको दीर्घकालीन र वैज्ञानिक फोहोर व्यवस्थापनका लागि घरघरमै फोहोरको वर्गीकरण गरेर संकलन गर्न आवश्यक रहेको विज्ञहरुको सुझाव छ । एसियाली विकास बैंकको प्रतिवेदन अनुसार अधिकांश स्थानीय तहले कुल बजेटको १० प्रतिशतभन्दा कम रकम सरसफाइ र फोहोरमैला व्यवस्थानका लागि छुट्याउँछन् । तरपनि फोहोरको व्यवस्थापन उचित नहुँदा आलोचना चुलिएको छ ।

## व्यवसायीको प्रवक्ता हुँदा धोका पाएँ : मन्त्री श्रेष्ठ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ जेठ

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले इजाजतपत्र नवीकरणका लागि वार्षिक एक सय जना कामदार पठाएको हुनुपर्ने बाध्यताको यथाशक्य छिटो निकास दिन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको ध्यानाकर्षण गराएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)लाई बिहीबार ज्ञापनपत्र बुझाउँदै एसोसिएसनले उक्त माग गरेको हो ।

वैदेशिक रोजगारमा सय जना कामदार नपठाएकै कारणबाट इजाजतपत्रवाला संस्थाहरू खारेजी हुने व्यवस्थालाई हाटाउन वैदेशिक रोजगार ऐन २०६४ मा संशोधनको प्रक्रिया अगाडि बढाउन २०७६ चैत १६ गतेको मन्त्रिपरिषद्ले निर्णय गरिसकेको एसोसिएसनको भनाइ छ ।

२०७५ सालमा भएको वैदेशिक रोजगार ऐनको संशोधनले वैदेशिक रोजगार व्यवसायीको इजाजतपत्र नवीकरण गर्न अन्य प्रक्रियाका अतिरिक्त वार्षिकरूपमा कम्तीमा सय जना कामदारको श्रम स्वीकृति लिनुपर्ने व्यवस्था गरेको छ । अघिल्ला तीन आर्थिक वर्ष कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण कामदार पठाउन सरकारले नै श्रम स्वीकृति बन्द गरेका कारणले मन्त्रिपरिषद्ले बाधा अड्काउ फुकाउ आदेश जारी गरेर सबै म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण हुने व्यवस्था गरेको थियो ।



वैदेशिक रोजगार विशेष

### ठगीका पीडितलाई तत्काल न्याय दिन मन्त्री श्रेष्ठको निर्देशन

**काठमाडौं/मस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले वैदेशिक रोजगारीका नाममा हुने ठगी नियन्त्रण गर्न शुन्य सहनशिलता नीति अपनाउने बताएका छन् । सचिव एकनारायण अर्यालसहित बिहीबार बुद्धनगरस्थित वैदेशिक रोजगार विभागको आकस्मिक अनुगमन गरेपछि मन्त्री श्रेष्ठले उक्त कुरा बताएका हुन् ।

मन्त्री श्रेष्ठले ठगीमा परेका युवालाई समयमा न्याय दिने तथा विदेशमा अलपत्र श्रमिकको तत्काल उद्धार गर्ने संयन्त्र बनाइने बताउँदै ठगीमा परी उजुरी दिएका युवालाई छिटोछरितो सेवा दिन निर्देशन दिए । मन्त्री श्रेष्ठले वैदेशिक रोजगारीमा गएर वास्तवमै अलपत्र परेको भए तत्काल उद्धार गरिने तर विभिन्न वहानामा काम नगर्ने र उद्धारको लागि सरकारसँग हारगुहार गर्ने प्रवृति पनि देखिएको बताए ।

मन्त्री श्रेष्ठले इजाजतवाला संस्था (म्यानपावर कम्पनी) को दर्ता, नवीकरण, कामदार पठाउन पाउने सीमा, धरौटी रकम, बैंक ग्यारेन्टी, कारबाही, फुकुवा तथा अन्य जानकारीलाई पूर्ण अनलाइन प्रणालीमा लैजाने मन्त्रालयको तयारी रहेको बताए । म्यानपावरले श्रमिक विदेश पठाउन सक्ने क्षमताका आधारमा धरौटी रकमलाई पुर्नमुल्यांकन गर्ने समयन्त्रलाई समेत सुधार गरिने उनको भनाइ छ । धरौटी रकमका आधारमा उजुरीकर्तालाई रकम फिर्ता गर्न

- बाँकी पृष्ठ २ मा

चालू आर्थिक वर्षमा पनि अधिकांश वैदेशिक रोजगार व्यवसायीहरूले सहजरूपमा वैदेशिक रोजगारीमा कामदार पठाउन पाएका छैनन् । ज्ञापनपत्र बुझाउँदै एसोसिएसनका अध्यक्ष कुमुद खनालले इजाजतपत्र नवीकरण हुने-नहुने अन्योलले विदेश गएर डिमाण्ड खोज्ने भन्दा व्यवसायी इजाजतपत्र कायम हुन्छ, हुँदैन भनेर तनावमा रहेको बताए ।

इजाजतपत्र नवीकरण गर्न जसरी भएपनि सय जना कामदार वैदेशिक रोजगरमा पठाउनुपर्ने बाध्यताले नेपाल सरकार नै बाध्यात्मक श्रम (फोर्स लेवर) को पक्षमा रहेको सन्देश विश्वमा प्रवाह भइरहेको भन्दै खनालले विदेशस्थित कतिपय रोजगारदाता कम्पनीले नेपाली म्यानपावर कम्पनीलाई वार्षिक सय जना कामदार पठाउनुपर्ने ऐनको बाध्यता बुझेर अनुचित मोलमोलाई गरिरहेको बताए । उनले यस विषय मन्त्रालयले जानकारीमा राख्नुपर्ने माग गरे ।

रोजगारदाताले सेवा शुल्क नपठाएको अवस्थामा कामदारले भिसा शुल्क, राहदानी दस्तुर, बीमा, हवाई टिकट र मेडिकलको खर्च व्यहोरेर जाने र रोजगारदाताले म्यानपावर कम्पनीको सिफारिसमा त्यो खर्च पहिलो महिनाको तलबमा फिर्ता गर्ने गरी लचिलोपन ल्याउनु उचित हुने उनको भनाइ छ ।

जवाफमा मन्त्री श्रेष्ठले आफुले वैदेशिक रोजगार क्षेत्रमा व्यापक सुधारको प्रयास गरेको तर वैदेशिक रोजगार व्यवसायीबाट कुनैपनि विषयमा साथ र समर्थन नपाएको गुनासो पोखे । उनले भने, 'म केही समय यस पेशा व्यवसायमा जोडिएको थिएँ । म मन्त्री भएपछि नयाँ समस्या थपेको छैन । मैले र मन्त्रालयले गरेर हुनेसम्म सुधारका काम गरेका छौं । कामदार नउडेसम्म व्यवसायी तनावमा

- बाँकी पृष्ठ २ मा

## प्रकोपको भयले त्रसित मनहरू

**नारायण ढुंगाना/रासस**
काठमाडौं, १९ जेठ ।

गत वर्षको भिषण वर्षासँगै सिन्धुपाल्चोकको हेलम्बुका पहाड खसेर आएको कल्पनीय बाढीले ठूलो क्षति ब्यहोरेकी मेलम्ची नगरपालिका-११ की मैया दुलाललाई वर्षा शुरु हुनै लागेकाले फेरि चिन्ता बढेको छ । उही पुरानै शैलीमा मेलम्ची उर्लिने पो हो कि भने चिन्ता छ उनलाई । आकासमा कालो बादल देख्नासाथ त्यही त्रासदीपूर्ण दिनको भयले सताउँछ । त्यस बाढीले उनको घरको दुई तलासम्म पुरिदिएको थियो ।

क्षणभरमै आएको बाढीले घर सम्पत्तीको नामोनिसानै मेटाइदिएको हेलम्बु गाउँपालिका-२ गणेशबगरका स्थानीय राम तामाङको चिन्ता पनि उस्तै छ । त्यस गाउँका ४५ परिवार क्षणभरको बाढीले घरबार विहिन भए । उनीहरू मात्रै होइन हेलम्बु र मेलम्चीका हजारौं परिवार कतिबेला मेलम्चीमा बाढी आउने हो र विगत झैं विलखबन्दमा परिने हो चिन्तामा छन् । विगतको पीडादायी यादमा रात बिताउँदै छन् उनीहरू ।

गत वर्षको असार १ गते त्यसरी भिषण बाढी आउला भन्ने कसैले कल्पना गरेको थिएन । दिनभरिजसो चहकिलो घाम लागेको त्यस साँझदेखि पर्न थालेको अबिरल वर्षासँगै मेलम्ची नदीमा उर्लिएको भेलले हेलम्बु र मेलम्चीबासीका धेरै सपना उडाएको थियो । कैयौंका थातथलो मेलम्ची नदीको बगरभित्रै बिलाए । बास उठेपछि सबैको चिल्लीबिल्ली भयो । राम्ररी भौतिक संरचना नबनेको र खोलालाई व्यवस्थित गर्न नसकिएकाले गतवर्षको घटना दोहोरिने हो कि भन्ने चिन्ता अहिले पनि कायमै छ ।




विपद् व्यवस्थापन विज्ञका अनुसार जल तथा मौसम विज्ञान विभागको बढी पानी पर्ने आँकलनसँगै नेपालको भूबनोट, विगतमा आएका ठूलाठूला बाढी, पहिराले पुऱ्याएको असर तथा जलवायु परिवर्तनका कारण नचिताएको ठाउँमा हुने गरेका आकस्मिक रुपका अतिवृष्टि लगायत कारण यो वर्षको मनसुनी समय पनि सकारात्मक देखिएको छैन ।

तीनै तहको सरकार नीति क्षेत्र तथा स्थानीय समुदायको प्रभावकारी समन्वय, आवश्यक प्रतिकार्य योजना, समयमै सूचना प्रवाह, स्थानीय समुदायमा भरपर्दो सूचना र जानकारी तथा आवश्यक पूर्वतयारीका सामग्री र राहत, उद्धार तथा पुनःस्थापनका लागि चाहिने बन्दोवस्तीका सामान बेलैमा जोहो गर्नुपर्नेमा विज्ञहरूले सुझाएका छन् ।

यसपालि मनसुन अगावै जमिन गल्ने गरी पानी परिसकेकाले केही हप्तामै नेपाल प्रवेश गर्ने मनसुनमा सामान्य पानी पर्नेर्बित्तिकै बाढीपहिरो जोखिम बढ्ने देखिन्छ । मुलुकमा २०६८ सालयताको विपद्जन्य घटनाबाट भएको मानवीय क्षतिको विवरण हेर्दा गएको दुई वर्ष बाढी, पहिरो र त्यसबाट निम्तिएको अकल्पनीय विपत्तीको स्थिति सामान्य छैन । विपद्जन्य घटनाबाट भएका २०७७ मा ५९१ र २०७८ मा ४९० जनाको मृत्यु भएको थियो । २०६८ देखियताको तथ्याङ्कमा मृत्य ४५० नाघेको थिएन । २०६६, विसं २०७१, विसं २०७३ र विसं २०७४ मा मृतक सङ्ख्या ४०० नाघे पनि अन्य वर्ष त्यसभन्दा तलै थियो । तर पछिल्लो दुई वर्षमा ह्यात्तै बढेको पाइन्छ ।

यस वर्षको मनसुन (जेठ १८-असोज १४) को समयमा पनि औसतभन्दा बढी नै वर्षा हुने आँकलन गरिएको छ । नेपाल सरकारको मनसुन प्रतिकार्य योजनामा यस वर्ष प्राकृतिक विपद्बाट १७ लाख बढी मानिस प्रभावित हुने अनुमान गरिएको छ । नेपालको पश्चिम तराई केन्द्रित वर्षा हुने र त्यसले बाढी, पहिरो र डुवानको समस्या बढाउने र विनास निम्त्याउन सक्ने विपद व्यवस्थापन विज्ञहरूको चेतावनी छ ।

मध्यान्ह
www.madhyanhadaily.com
२० जेठ २०७९, शुक्रबार
3 June 2022, Friday

# हुबहु प्रश्नका सम्बन्धमा त्रिविले छानविन गर्ने



**काटमाठौं/मस–** त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले प्रश्नपत्र दोहोरिएको सम्बन्धमा छानविन गर्ने भएको छ। त्रिवि मानविकी तथा समाजशास्त्र संकायका डीन प्रा.डा कुसुम शाक्यले हुबहु दोहोरिएको प्रश्नपत्रबारे छानविन गर्ने बताएका छन्।

मानविकी संकायले बुधबार स्नातकोत्तर तह तेस्रो सेमेस्टरको अर्थशास्त्र विषयअन्तर्गत 'पब्लिक इकोनोमिक्स' को लिएको परीक्षामा गत वर्षकै प्रश्नपत्र हुबहु दोहोऱ्याएको थियो। 'के कारणले गत वर्षको प्रश्नपत्र दोहोरियो भन्नेमा हामी छानविन गर्दछौं', उनले भने, 'भविष्यमा यस्ता गल्ती नदोहोरिने गरी हामी अगाडि बढ्छौं।'

गत वर्षकै प्रश्नपत्र पनि यसपटक परीक्षामा हुबहु समावेश गर्नु गल्ती भएको उनले बता। 'हामीले विज्ञ समूहलाई प्रश्नपत्र बनाउने जिम्मा दिन्छौं। विज्ञ समूहले जहिले पनि दुई सेट प्रश्नपत्र बनाएर दिनुहुन्छ', उनले भने, 'त्यहीमध्ये एउटा सेट प्रश्नपत्र परीक्षाका लागि समावेश गर्दा गत वर्षकै दोहोरिएको हो।' साठी पूर्णाङ्कको उक्त विषयको परीक्षामा १३ वटा प्रश्न सबै गत वर्षमा नै सोधिएका प्रश्नपत्रसँग हुबहु मिलेको छ।

### मधेस प्रदेश प्रदेशसभा

# निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न माग



**जनकपुर/मस–**मधेस प्रदेशका प्रदेशसभा सदस्यले प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणको काम अघि बढाउन माग गरेका छन्।

बिहीबारबाट सुरु भएको मधेस प्रदेशसभाको नवौं अधिवेशनमा उनीहरूले निजगढ विमानस्थलको विषय मधेस प्रदेशको आर्थिक समृद्धि र जनताको जीवनस्तरसँग प्रत्यक्ष जोडिएकाले निर्माण काम अघि बढाउन माग गरेका हुन्।

प्रदेशसभा सदस्य तथा लोकतान्त्रिक समाजवादी पार्टी संसदीय दलका नेता जितेन्द्र सोनलले प्रस्तावित निजगढ विमानस्थल मधेस प्रदेश जनताको आर्थिक समृद्धिसँग जोडिएको बताए। उनले भने, 'निजगढ विमानस्थल निर्माण भएपछि यहाँको आर्थिक समृद्धि हुन्छ, रोजगारी सिर्जना हुन्छ।'

प्रदेशसभा सदस्य तथा प्रदेश सरकारका उद्योग, वन तथा पर्यटनमन्त्री सत्रुधन महतोले व्यापक अध्ययनबाट पनि निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल बनाउँदा उपयुक्त हुने निष्कर्षका साथ निर्माण गर्ने योजना तयार भएको उल्लेख गर्दै निजगढ विमानस्थलको काम अघि बढाउन माग गरे। ' निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको सम्भाव्यता अध्ययनका क्रममा पर्यावरणीय संरक्षणको कुरा पनि उठ्यो', मन्त्री महतोले भने, 'तर विमानस्थल निर्माण गर्दा धेरै रुख काटिन्छ, पर्यावरणमा असर पर्छ भन्ने कुरालाई जसरी भयावह बनाइएको छ वास्तविक रूपमा त्यस्तो छैन।'

नेकपा एकीकृत समाजवादी प्रदेश संसदीय दलका नेता समेत रहेका मन्त्री महतोले भने, 'विनाश नगरी विकास हुँदैन, नभत्काई नयाँ बन्छ ? त्यसैले विकास गर्न केही विनाश गर्नुपर्छ।' मधेस प्रदेशको लाइफलाइनका रूपमा रहेको निजगढ विमानस्थल निर्माणका लागि थोरै जङ्गलै फडानी गरेर भए पनि काम अघि बढाउनुपर्ने उनको भनाइ थियो।

नेकपा एमाले प्रदेश संसदीय दलका नेता रामचन्द्र मण्डलले प्रदेशको आर्थिक समृद्धि, रोजगारी र पहिचानसँग प्रत्यक्ष जोडिएको निजगढ विमानस्थल निर्माणका लागि दबाब सिर्जना गर्नुपर्नेमा जोड दिए।

नेकपा (माओवादी केन्द्र) का नेता तथा प्रदेशसभा सदस्य दिलीप साहले निजगढ विमानस्थल मधेस प्रदेशको मेरुदण्डका रूपमा रहेकाले यसलाई जसरी पनि अघि बढाउनुपर्ने माग गरे। उनले निजगढ विमानस्थल निर्माण भएपछि मधेस प्रदेशको विकास र समृद्धिको यात्राले गति लिने विश्वास व्यक्त गरे।

# वीरेन्द्रको शालिक राख्न खोज्दा झडप



**बाँके/मस–**नेपालगञ्जको धम्वोजी चोकमा पूर्वराजा वीरेन्द्रको शालिक राख्ने क्रममा झडप भएको छ।

स्थानीय राजसंस्था समर्थित एक समूहले बिहीबार शालिक राख्न खोजेपछि प्रहरीले रोक्ने क्रममा झडप भएको हो।

झडपका क्रममा शालिक तोडफोड भएको छ। झडपका क्रममा केहि घाइते भएका छन्। ढुंगा प्रहार भएपछि प्रहरीले केहि राउण्ड हवाइ फायर समेत गरेको छ। प्रहरीको बल प्रयोग गर्दा केही प्रदर्शनकारी घाइते भएका छन। २०६२/६३ को आन्दोलनका क्रममा राजा वीरेन्द्रको शालिक हटाइएको थियो।

प्रशासनले शालिक राख्ने विषयमा सर्वपक्षीय छलफलको निर्णय नभइ राख्न नहुने बताएको छ भने इतिहास मेटन नहुने राजसंस्था समर्थकहरुको भनाइ छ।

वीरेन्द्रको शालिक राख्न नदिएपिछि राजावादीहरुको समूहले धम्बोजी चोकबाट पाँच सय मिटर पर रहेको सहिद सेतु विकको शालिक तोडफोड गरेका छन्। नारायणहिटी दरबार हत्याकाण्ड भएको २१ वर्ष पुगेको छ। वीरेन्द्रको स्मृतिमा राजसंस्था समर्थकहरुले शालिक राख्न खोजेका थिए।

धम्बोजी चोकको स्थिति नियन्त्रणमा लिन नेपाल प्रहरी र शसस्त्र प्रहरीले सुरक्षा दिइरहेका छन्। यसअघि पनि राजावादीले पूर्व राजाको शालिक राख्न खोज्दा तनाव भएको थियो।

# शुल्क वृद्धिको विरोधमा भक्तपुर क्याम्पसमा तालाबन्दी



**भक्तपुर/मस–**तोकिएको शुल्कभन्दा बढी रकम लिएको भन्दै भक्तपुर बहुमुखी क्याम्पसमा नेपाल क्रान्तिकारी विद्यार्थी संघ भक्तपुर बहुमुखी क्याम्पस इकाइ समितिले क्याम्पसमा तालाबन्दी गरेको छ। बढी लिएको शुल्क फिर्ता गर्नुपर्ने, शुल्क घटाउनुपर्ने लगायतको १२ बुँदे माग राख्दै नेपाल मजदुर किसान पार्टी निकट उक्त विद्यार्थी संघले क्याम्पस प्रमुख र लेखा शाखाको कोठामा तालाबन्दी गरेका हुन्।

विसं २०७५ फागुन १९ गते क्याम्पस व्यवस्थापन समितिको बैठकले बिएससी सिएसआइटीको शुल्क तीन लाख १५ हजार ९०० रुपैयाँ निर्धारण गरेकामा क्याम्पसले अहिले प्रति विद्यार्थी नौ हजार १०० बढी रकम लिएपछि तालाबन्दी गरेको संघका सहसंयोजक उमेश शाहीले जानकारी दिए। क्याम्पसमा प्रेस विज्ञप्ति जारी गर्दै उक्त विद्यार्थी संघले क्याम्पसले विद्यार्थीसँग मनोमानी शुल्क उठाएको, क्याम्पस प्रमुखले आफूखुसी कर्मचारी नियुक्ति गरेको भन्दै त्यसको विरोध गरेका छन्।

# 'अपाङ्गता नागरिकको हक अधिकारप्रति गाउँपालिका संवेदनशील'




**पर्वत/मस–**पर्वतको पैँयूँ गाउँपालिकाकी उपप्रमुख याम कुमारी रानाले अपाङ्गता भएका नागरिकको आत्मसम्मानका लागि आफुहरु गम्भीर रहेको बताएकी छन्।

नवनिर्वाचन उपप्रमुख रानाले बिहीबार आफ्नो कार्यकक्षमा पैँयूँ अपाङ्ग सेवा समाजका तर्फबाट बधाई ग्रहण गर्दै अपाङ्गता भएका नागरिकका समस्या समाधानका लागि आफ्नो तर्फबाट कुनै कसर बाँकी नराख्ने प्रतिवद्धता जनाइन्।

अपाङ्गता भएका नागरिकप्रतिको विभेदपूर्ण व्यवहार अन्त्यका लागि स्थानीय सरकारबाट हुन सक्ने पहलकदमीमा कुनै कमी हुन नदिने समेत उपप्रमुख रानाको भनाइ छ।

अपाङ्गता भएका नागरिकको वास्तविक तथ्यांक संकलन, परिचयपत्र पाउन नसकेका नागरिकलाई आवश्यक प्रक्रिया पूरा गरी परिचय पत्र वितरण गर्ने लगायतका विभिन्न सीपमुलक तालिम प्रदान गर्दै उनीहरुको आत्सम्मानमा वृद्धि गर्नका लागि गाउँपालिकाले विशेष खालका कार्यक्रम तय गर्ने पनि रानाले बताइन्। आत्मनिर्भताले नै आत्मसम्मानमा वृद्धि हुन्छ भन्ने कुरालाई आत्मसात गर्दै स्थानीय सरकार अगाडि बढ्ने उपप्रमुख रानाको तर्क छ।

पैयूँ स्थानीय सरकारलाई, अपाङ्गता भएका नागरिकको हक अधिकारप्रति संवेदनशिल सरकारका रुपमा अगाडि बढाउने पनि उपाध्यक्ष रानाले प्रतिवद्वता जनाइन्।

# बागमती प्रदेशको नीति तथा कार्यक्रम बहुमतले पारित



**मकवानपुर/मस–**बागमती प्रदेशसभाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम बहुमतले पारित गरेको छ। प्रदेशसभाको बिहीबार मात्र ३ वटा बैठक बसेर सरकारको नीति तथा कार्यक्रम पारित गरिएको हो।

बिहीबारको प्रदेशसभा बैठकले सरकारको आगामी आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम बहुमतले पारित भएको हो। प्रदेश सरकारको नीति तथा कार्यक्रम माथि प्रदेशसभाका ९ जना सदस्यहरुले संशोधन प्रस्ताव दर्ता गराएका थिए।

उनीहरुले सरकारको नीति तथा कार्यक्रमको १५ वटा बुँदामा संशोधन प्रस्ताव दर्ता गराएका थिए। उनीहरुले दर्ता गराएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको छ। संशोधन प्रस्ताव अस्वीकृत भएपछि प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम बहुमतले पारित भएको हो।

# ४० लाखको अवैध सामानसहित भारतीय नागरिक पक्राउ



**विराटनगर/मस–** प्रहरीले विराटनगरबाट ४० लाख मूल्य बराबरको अवैध सामानसहित भारतीय नागरिकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा भारतको अररिया जिल्लाको जोगवनी-१० टिकुलियाका ३४ वर्षीय श्याम चौधरी रहेका जिल्ला प्रहरी कार्यालय मोरङका प्रवक्ता डीएसपी दीपक श्रेष्ठले जानकारी दिए।

प्रवक्ता श्रेष्ठका अनुसार उनी भारतीय ट्र्याक्टरमा राखेर विराटनगरबाट इटहरीतर्फ लैजाँदै गरेको तस्करीका सामानसहित पक्राउ परेका हुन्। भन्सार छलीको अवैध सामान लोड गरिएको बीआर ३३ जीबी २६२७ नम्बरको ट्र्याक्टरसहित उनलाई कोसी लोकमार्गअन्तर्गत विराटनगर महानगरपालिका-४ बाट पक्राउ गरिएको डीएसपी श्रेष्ठले बताए। उनका अनुसार नियन्त्रणमा लिइएको ट्र्याक्टरबाट मोटर पार्टस, छाला, नटबल्टु, कपडा लगायतका अवैध सामान बरामद गरिएको छ।

ट्र्याक्टर नियन्त्रणमा लिएर खानतलासी गर्दा आवश्यक कागजपत्र नभएको पाइएको श्रेष्ठले बताए। नियन्त्रणमा लिइएको ट्र्याक्टर र अवैध सामानसहित चौधरीलाई आवश्यक कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय इटहरीमा बुझाइएको प्रवक्ता श्रेष्ठले जानकारी दिए।

## व्यवसायीको...

रहने गरेका थिए। श्रम डेस्क हटाएपछि समस्याको समाधान भएको छ, ताहाचलमा व्यापक सुधार भएको छ। तर तपाईंहरूले कहीँ पनि साथ दिनु भएन।'

मन्त्री श्रेष्ठले गुनासो गर्दै अगाडि भने, 'म तपाईंहरूको प्रवक्ता जस्तो भएँ, तर सहयोग भएन, मन्त्रालयले आवश्यकताका आधारमा म्यानपावर कम्पनीको वर्गीकरण गर्नुपर्ने अवस्था आयो। तर तपाईंहरू स्याल हुईयाँ गर्दै मन्त्रीले सिध्याउन लाग्यो भनेर ग्रुपमा स्टाटस हालेर मानमर्दन गराउन भयो। यसमा मेरो गम्भीर चित्त दुखाई छ।'

मन्त्री श्रेष्ठले जापान कामदार पठाउन म्यानपावर कम्पनी वर्गीकरण गर्नुको विकल्प नरहेको बताए। उनले भने, 'जापानको टीआइटिपीले मापदण्ड बनाएर पठाएको छ, त्यस अनुसार कम्पनी वर्गीकरण गर्नुपर्ने बाध्यता छ, निर्माण व्यवसायी, बैंक तथा वित्तीय संस्थाको वर्गीकरण गरिएको छ, म्यानपावर वर्गीकरण नै हुनुहुँदैन भन्ने कहाँ छ ?'

मन्त्री श्रेष्ठले मन्त्रालय र विभागको सदासयतको अनुचित लाभ नलिन पनि व्यवसायीलाई चेतावनी दिए। उनले भने, ' व्यवसायीविरूद्ध धेरै गुनासा आएका छन्, मन्त्रालयले चाहे दश मिनेटमा म्यानपावर बन्द गराउन सकिन्छ, तर गरेको छैन।'

मन्त्री श्रेष्ठले मलेसियाको डिमाण्ड ल्याउन व्यवसायीहरूले हद नाघेर अनुचित तरिकाले नेपालबाट रकम पठाएको पनि दाबी गरे। उनले भने, 'मलेसियामा ४ हजारसम्म कमिशन पठाइएको छ। मैले मलेसिया भ्रमणमा त्यहाँका गृहमन्त्रीसँग कमिशनको कुरा उठाएँ, तर मन्त्रीले मलेसियनले पैसा मागेका छैनन्, नेपाली नै पैसाका मुठा बोकेर आउँछन् भनेर मलाई नाजवाफ बनाए। तपाईंहरूले अनुगमन गर्न नदिएर मन्त्रालयलाई अन्याय गर्नु भएको छ। अनुगमन र सुधार शुरू गऱ्यो स्टाटस आउँछ, मन्त्रीले ध्वस्त पार्न थाल्यो भन्दै नकारात्मक प्रचार गरिन्छ। मलेसियाको कमिशन अध्ययन गर्न विवरण मागिएको हो, स्थानीय निर्वाचनको बहानामा तपाईंहरूले समय लम्ब्याइ रहनुभएको छ।'

म्यानपावर कम्पनीको इजाजत नवीकरण गर्न वार्षिक सय जना कामदार पठाउनुपर्ने बाध्यताले नयाँ मन्त्री आएपछि त्यसलाई हटाउन चाकडी गर्नुपर्ने अवस्था उत्पन्न गराएकोले ऐन संशोधन गरेर उक्त प्रावधान हटाउनु पर्छ भन्ने मान्यतामा आफू र मन्त्रालयका सचिवको एउटै दृष्टिकोण रहेको उनले बताए। मन्त्री श्रेष्ठले हालै रूपन्देहीको भैरहवामा सञ्चालनमा आएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल वैदेशिक रोजगार व्यवसायीको सहयोग बिना सञ्चालनमा आउन समस्या हुने भन्दै सहयोग गर्न आग्रह गरे। उनले भने, 'मन्त्रालयले रूपन्देही र कास्कीमा म्यानपावर कम्पनीको शाखा खोल्न अनुमति दिने तयारी गरिरहेको छ, तपाईंहरूले पनि सकेसम्म उतैबाट कामदार उडाउनु होला।'

त्यस अवसरमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघ तदर्थ समितिका सदस्य प्रेम बहादुर कटुवालले अर्को वर्ष ४ सय कामदार उडाएको हुनुपर्ने शर्त राखेर भएपनि संख्या सयको समस्या समाधान हुनु आवश्यक रहेको सुझाव राखे।

व्यवसायीहरूले मलेसिया जान चाहने कामदारको अनावश्यकरूपमा मेडिकल गरेको भन्दै नेपाल स्वास्थ्य व्यवसायी महासंघका अध्यक्ष कैलाश खड्कालाई मन्त्रालयमा बोलाएर सोधखोज गर्नुपर्ने माग समेत गरे। जवाफमा मन्त्रालयका सचिव एकनारायण अर्यालले महासंघलाई सोधपुछका लागि पत्र पठाएको बताए।

यसका अतिरिक्त एसोसिएसनले वैदेशिक रोजगारमा जाने कामदारहरुलाई असहज भएको तथा लामो समय पर्खनुपर्ने भएको हुनाले आइतबार पनि वैदेशिक रोजगार विभाग ताहाचलबाट सेवा उपलब्ध गराउन, हाल वैदेशिक रोजगारको सिलसिलामा अन्तराष्ट्रिय उडान, हवाई टिकटमा अप्रत्यासित भाडा दर कायम गरी ट्राभल ऐजेन्सीलगायत एयरलाइन्सले मनलागी भाडा दर कायम गरेर कामदार लैजाने कम्पनीहरुले हवाई टिकट दिन आनाकानी गरिएकोले त्यसको पनि छानविन गर्न, मागपत्रमा पनि अदक्ष, अर्धदक्ष, दक्ष र विशेषज्ञ गरी जम्मा ४ तहको मात्र हुने गरि प्रमाणीकरण गर्ने व्यवस्था गर्न माग गरेको छ।

त्यसैगरी एसोसिएसनले विभागको अनलाइन प्रणालीका समस्यालाई दिर्घकालिनरूपमा समाधान गर्न र युरोपेली राष्ट्रको भिसा प्रक्रियामा देखिएको जटिलतालाई अन्त्य गर्न नेपालबाट नै भिसा जारी गर्ने व्यवस्थाको पहल गर्न पनि माग गरेको छ। त्यस अवसरमा वैदेशिक रोजगार व्यवसायी संघका संयोजक विमल ढकालको पनि उपस्थिति रहेको थियो। एसोसिएसनले बिहीबार नै नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापालाई पनि ज्ञापनपत्र बुझाउँदै संख्या सयको समस्या समाधान गर्नका लागि माग गरेको थियो।

## ठगीका...

नसक्ने अवस्था भएपनि म्यानपावरले राखेको बैंक ग्यारेन्टीलाई द्रुत प्रयोग गरी श्रमिकलाई रकम फिर्ता दिन उनले विभागका कर्मचारीहरुलाई निर्देशन दिए। मन्त्री श्रेष्ठले पछिल्लो समय कन्सल्टेन्सीका नाममा ठगी बढेको बताउँदै यसको नियन्त्रणका लागि शिक्षा मन्त्रालयलगायत निकायसँग समन्वय गरी शैक्षिक परामर्श संस्थाको नियमनमा कडाइ गरिने बताए। शैक्षिक परामर्श संस्थासमेत वैदेशिक रोजगारी व्यवसायमा पछिल्लो समय शैक्षिक परामर्श सेवाका लागि शिक्षा मन्त्रालयबाट स्वीकृति लिएर खोलिएका संस्था नै वैदेशिक रोजगार व्यवसायमा जोडिएर करोडौं रकम असुल्ने गरेको पाइएपछि यसलाई रोक्न मन्त्री श्रेष्ठले दोषीलाई कारबाहीको दायरामा ल्याइने जानकारी दिए।

सचिव अर्यालले सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन अनलाइन प्रणालीमा लैजान बाँकी रहेका सेवालाई समेत प्रविधिमैत्री बनाउन निर्देशन दिए।

विभागले हालै इन्टरनेसनल एक्पो एन्ड ट्राभल सर्भिस प्रा.लि. र जिनियस एजुकेसन एन्ड कन्सल्टेन्सी सर्भिस प्रा.लि.ले १ सय ४४ जनाबाट साढे ४ करोड उठाएपछि वैदेशिक रोजगार न्ययाधिकरणका मुद्दा दायर गरेको महानिर्देशक शेषनारायण पौडेलले बताए। अनुगमनका क्रममा मन्त्रीले श्रेष्ठले गोरखा बारपाक सुलिकोट गाउँपालिकाका निशान बगालेले ठगीविरुद्ध दिएको उजुरीमाथि तत्काल कारबाही प्रक्रिया अघि बढाउन निर्देशन दिए। पीडित बगालेलाई वैदेशिक रोजगारिको लागि मासिक एक हजार डलर तलब रकम हुने होटल सम्बन्धीको काममा अस्ट्रेलिया पठाइदिने जनाउँदै काठमाडौं बुढानिलकण्ठका हरिशरण खड्काले एकमुष्ट १० लाख लिएको आरोप छ।

# ललितपुर जिससमा गठबन्धनका उम्मेदवार निर्विरोध

**ललितपुर/मस–** ललितपुर जिल्ला समन्वय समितिमा सबै पदाधिकारी निर्विरोध निर्वाचित भएका छन्। मुख्य निर्वाचन अधिकृतको कार्यालय ललितपुरले जेठ १८ गते उम्मेदवारी दर्ताका लागि मिति निर्धारण गरेकामा अरु दलले उम्मेदवारी नै दर्ता नगरेपछि नौवटा पदमा उम्मेदवारी दर्ता गर्ने गठबन्धनका सबै उम्मेदवारलाई बिहीबार निर्विरोध निर्वाचित भएको घोषणा गरिएको हो। जिसस ललितपुरको प्रमुखमा नेपाली कांग्रेसका ऋषिदेव फुयाँल, उपप्रमुख नेकपा (माओवादी केन्द्र)का रामलाल थिङ निर्विरोध निर्वाचित भएका छन्।

त्यस्तै खुला सदस्यतर्फ कांग्रेसका हरिहर कार्की, दिनेश घोर्साइने र माओवादीका साधुराम श्रेष्ठ, अल्पसंख्यकमा कांग्रेसकै सुवेरबहादुर पहरी, महिला सदस्यमा माओवादी केन्द्रकी शोभा महर्जन, कांग्रेसका गीता खड्का र शोभा कार्की निर्वाचित भएका छन्। निर्वाचित पदाधिकारीलाई मुख्य निर्वाचन अधिकृत किरणप्रसाद शिवाकोटीले शपथ ग्रहण गराएका छन्।

# मनाङमा ५० प्रतिशत पुस्तक आइपुग्यो

नवीन लामिछाने/रासस
मनाङ, १९ जेठ



यस वर्षको शैक्षिक सत्र सुरु भएको तीन हप्ता बढी भएको छ । तर सामुदायिक विद्यालयका विद्यार्थीको हातहातमा पाठ्यक्रमअनुसारका सबै पुस्तक पुग्न सकेको छैन ।

विद्यालय तहका कक्षा ४ देखि कक्षा १० सम्मको पुस्तक छपाइ एवं वितरणको जिम्मा पाएको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले समयमै छपाइ तथा वितरण गर्न नसक्दा देशभर पुस्तक अभाव भएको हो ।

हिमाली जिल्ला मनाङमा शैक्षिक सत्र सुरु भएको तीन साता बढी हुँदा ५० प्रतिशत मात्रै पुस्तक आइपुगेको शिक्षा विकास तथा समन्वय एकाई मनाङका प्रमुख मतिलाल चपाईंले जानकारी दिए । 'जिल्लामा आवश्यक पुस्तक समयमा आउनै मुस्किल छ, विगतमा जस्तो जिल्लाका माथिल्लो मनाङ र तल्लो मनाङमा फरक-फरक गरी शैक्षिक सत्र सुरु हुने भए पनि यसवर्ष एक साथ सञ्चालन गरिएको छ । पुस्तक अभावले भने पठनपाठनमा समस्या सिर्जना भएको छ,' चपाईंले भने ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले समयमा नै सबै पुस्तक छपाइ भ्याएर प्रत्येक जिल्लामा आउनुपर्ने भए पनि समयमा पूरा नगर्दा त्यसको असर प्रत्यक्ष रुपमा बालबालिकाको भविष्यमाथि परेको उनी बताउँछन् ।

'सबै विद्यार्थी एउटै श्रेणीका हुँदैनन् । केहीलाई पुस्तकबिना बुझाउनै मुस्किल छ । तर, पुस्तक अभावले बालबालिकाको शिक्षण सिकाइमा असर परेको छ,' उनले भने, 'तेस्रो हप्ता बढी भैसक्दा बल्ल ५० प्रतिशत पुस्तक जिल्लामा आइपुगेको छ । पूरै आउन अझै समय लाग्ने अवस्था देखिएको छ ।'

सरकारले कक्षा १ देखि ३ सम्मको पाठ्यपुस्तक छाप्ने जिम्मा निजी क्षेत्रलाई दिएपछि जनक शिक्षाले कक्षा ४ देखि १० सम्मको पाठ्यपुस्तक छाप्दै आएको छ ।

जनक शिक्षाले अझै ३३ लाख थान पुस्तक छाप्नै बाँकी रहेको जनाएको छ । चालू शैक्षिक सत्रका लागि आवश्यक एक करोड ९८ लाख थान पुस्तक छाप्नुपर्नेमा अहिलेसम्म एक करोड ६५ लाख थान मात्रै पुस्तक छापिएको केन्द्रले जनाएको छ । जनक शिक्षाले विद्यालय तहको ८५ प्रतिशत पुस्तक छपाइ सम्पन्न गरेको र १५ प्रतिशत छपाइ भइरहेको जनाएको छ ।

यस वर्षको शैक्षिक सत्रलाई जनक शिक्षाले एक करोड ९८ लाख थान पुस्तक छाप्नुपर्ने हो । अहिलेसम्म एक करोड ६५ लाख थान पुस्तक छपाइ सम्पन्न भएर वितरण गरेको जनाउँदै आएको छ । बाँकी पुस्तक असार पहिलो हप्तासम्म छपाइ सक्ने र अबको एक महिनाभित्र नै विद्यार्थीको हातहातमा पुस्तक पुर्‍याउने जनक शिक्षाले जनाएको छ ।

केन्द्र बिक्रेतामार्फत ७७ वटै जिल्लामा पुस्तक वितरण सुरु गरिसकेको जनाएको छ । काठमाडौं उपत्यकाभन्दा बाहिर हिमाली तथा पहाडी जिल्लालाई प्राथमिकतामा राखेर पुस्तक वितरण गरेको बताउँदै आएको छ । बाहिरी जिल्लामा अपुग भएको पुस्तक दैनिक एक/दुई ट्रक पठाइरहेको पनि जनाएको छ ।

सबै पुस्तक जिल्लामा आइनपुगेको र केही थान आएकाले पठनपाठनलाई विभिन्न माध्यमबाट विद्यार्थीलाई पठनपाठनमा सहज बनाउने प्रयासमा लागिरहेको लोकप्रिय माध्यमिक विद्यालय चामेका प्रधानाध्यापक कृष्णदास कोइरालाले बताए । विद्यालय आए पनि पुस्तक सबै विषयका पुस्तक आइनपुग्दा पठनपाठनमा सकस भएको कोइरालाले बताए ।


उनका अनुसार पुस्तकका पाठ डाउनलोड गरी सम्भव भएसम्म विद्यार्थीलाई 'हेन्सआउट' दिएर पठनपाठन हुँदै आएको छ । 'टपिक्स डाउनलोड गर्ने र फोटोकपि गरेर पठनपाठनलाई अगाडि बढाएका छौं, महाविपत्तिले त्रास नै त्रासमा पठनपाठन गराइरहेको अवस्थामा पाठ्पुस्तकको अभावले समस्या थपिएको छ,' कोइरालाले भने ।

लोकप्रिय माध्यमिक विद्यालय कक्षा १० मा अध्ययनरत छात्रा सरिता गुरुङ पाठ्यपुस्तक नपाउँदा पुस्तक हेरेर होमवर्क गर्न समस्या भएको बताउँछिन् । शिक्षकले सिकाएका सबै दिमागमा लिन नसकेको अवस्थामा किताब हेर्न नपाएर सिके पनि सहज भने नभएको उनी बताउँछिन् ।

'हाम्रो त किताब हेरेर पढ्ने बानी छ नि ! किताब हेर्ने बानीले किताबबिना त पढेको र बुझेको जस्तो नै लाग्दैन । केही किताब आएको छ । अब विस्तारै सजिलो बन्छ होला' उनले भनिन् । उनका अनुसार शिक्षकले दिएका गृहकार्य गर्ने क्रममा पुस्तक हेर्न नपाउँदा समस्या हुन्छ ।

# 'सोर्स कोड' चोरेर विक्री-वितरण

**काठमाडौं/मस-** प्रहरीको साइबर ब्यूरोले सफ्टवेयरको सोर्स कोड (कम्प्युटर स्रोत संकेत) चोरी गरेको आरोपमा एक जनालाई पक्राउ गरेको छ ।



पक्राउ पर्नेमा ललितपुर सानेपास्थित म्याट्रिक्स सफ्टेक प्रालि सञ्चालन गर्दै आएका तनहुँको भिमाद नगरपालिका-१ किहुँका ३५ वर्षीय सन्तोष सिग्देल रहेका छन् । 'राजस्व व्यवस्थापन' नामक सफ्टवेयरको सोर्स कोड चोरी गरी बौद्धिक सम्पत्तिमा आघात पुर्‍याएको भन्दै ब्यूरोले उनलाई पक्राउ गरेको हो ।

सिग्देलले म्याट्रिक्स सफ्टेक प्रालि खोलेर राजस्व व्यवस्थापन नामक सफ्टवेयरको सोर्स कोड चोरी गरी आर्थिक लाभ लिने मनसायले विभिन्न स्थानीय तहहरुमा विक्रि वितरण गर्ने गरेका ब्यूरोले जनाएको छ ।

पक्राउ परेका उनीविरुद्ध विद्युतीय कारोबार ऐन २०६३ अन्तर्गतको कसूरमा जिल्ला अदालत काठमाडौंबाट ५ दिनको म्याद थप गरी अनुसन्धान भइरहेको साइबर ब्यूरोका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक नविन्द अर्यालले जानकारी दिए ।


**नियमित गरिने मर्मत सम्भार, झोलुङ्गे पुलको दीर्घायुको आधार ।**

झोलुङ्गे पुल राष्ट्रको साझा सम्पति हो ।
झोलुङ्गे पुलको रेखदेख सबै प्रयोगकर्ताको जिम्मेवारी हो ।


नेपाल सरकार
संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**स्थानीय पूर्वाधार विभाग**
स्थानीय पुल शाखा
श्रीमहल, पुलचोक (ललितपुर), सम्पर्क : ५५३१८५०


# श्री माविि एकडराका प्रअ र अध्यक्ष घुस रकमसहित पक्राउ

**काठमाडौं/मस-** श्री मावि एकडरा महोत्तरीका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घुससहित पक्राउ गरेको छ ।

विद्यालयको खेल मैदान निर्माण गर्ने क्रममा निर्माण व्यवसायीसँग घुस लिएको आरोपमा उनीहरूलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग केन्द्रीय कार्यालय टंगालबाट खटिएको टोलीले पक्राउ गरेको हो । सो विद्यालयका प्रअ मण्डल र अध्यक्ष पासवानलाई अख्तियारको टोलीले ५० हजार घुस लिइरहेको अवस्थामा जलेश्वर नगरपालिका २ को टाउन प्लानिङस्थित मामाज किचेन, फेमिली रेष्टुरेन्ट एन्ड गेस्ट हाउसबाट रंगेहात पक्राउ गरेको हो ।

उनीहरूले उक्त विद्यालयको खेल मैदान स्तरोन्नति गर्न मधेश प्रदेशको महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयबाट ५० लाख रकम विनियोजन भएको र उक्त रकमबाट ७ प्रतिशत कमिसन मागेको अख्तियारले आरोप लगाएको छ ।



अख्तियारका अनुसार उनीहरूले आफूले मागेको ७ प्रतिशतमध्ये ५० हजार रकम लिइरहेको अवस्थामा जलेश्वर नगरपालिका २ को टाउन प्लानिङस्थित मामाज किचेन, फेमिली रेष्टुरेन्ट एन्ड गेस्ट हाउसबाट उनीहरूलाई रंगेहात पक्राउ गरेको हो । पक्राउ परेको थप अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ ।


**नाम परिवर्तन सम्बन्धी सूचना**

**दोश्रो पटक प्रकाशित मिति २०७९/०२/२०**

आशाकुसा अल्वर्ट एजुकेशन सेन्टर प्रा.लि.को मिति २०७९/०२/०९ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी श्री ई. ग्लोबल प्रा.लि. कायम गर्ने गरी मिति २०७९/०२/१३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री अरुणोदय माध्यमिक विद्यालय, भुम्लु २ सिम्थली काभ्रे**
**शिलबन्दी दरभाउ पत्रको सूचना**
**(प्रथम पटक प्रकाशित मितिः २०७९।०२।२०)**

श्री शिक्षा विकास निर्देशनालय बागमती प्रदेशबाट सामुदायिक विद्यालय विज्ञान प्रयोगशाला अनुदान कार्यक्रमअन्तर्गत श्री अरुणोदय मावि, भुम्लु काभ्रेलाई विज्ञान प्रयोगशाला स्थापनार्थ गर्नका लागि सामग्री खरिद शिलबन्दी दरभाउ पत्रबाट गराउनुपर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक नेपाली फर्म र कम्पनीबाट निम्न शर्तहरूको अधीनमा रही यो रितपूर्वक शिलबन्दी दरभाउपत्रको लागि १५ दिने सूचना प्रकाशित गरिन्छ । शिलबन्दी दरभाउ विद्यालयबाट प्राप्त गर्न सकिनेछ ।

| क्र स | ठेक्का नं. | कामको विवरण | बोलपत्र अंक | २.५५ जमानत रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०१। ०७८।७९ | विज्ञान प्रयोगशालाको लागि आवश्यक सामग्री | रु. १२,००,०००.०० भ्याटसहित | रु. ३०,६००.०० | रु. १,००० |

बोलपत्रलगायत शर्तहरु तथा अन्य शर्तहरू विद्यालयबाट प्राप्त गर्न सकिनेछ । जसको लागि सम्पर्क नम्बर ९८५११३४४३३ रहेको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६६/११/२६ मा दर्ता भएको **प्रा.लि. नं. ६१००४** को **दुर्गा लक्ष्मी ग्यांस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०२/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/१०/१० मा दर्ता भएको **प्रा.लि. नं. १४४३६७** को **ऋचा शर्मा फिल्मस् प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०२/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९/०२/२०

यस कम्पनीको मिति २०७८/०२/१५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साबिक कम्पनी **माइग्रो एजुकेशन एण्ड कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं. २५८५०५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०२/१८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **माइग्रो एजुकेशन कन्सल्टेन्सी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**पिस इन्टरटेन्मेन्ट कम्पनी प्रा. लि.को हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७०/०७/११ मा दर्ता भएको **पिस इन्टरटेन्मेन्ट प्रा. लि. प्रा.लि. (दर्ता नं. ११७०२८)** को मिति २०७९/०२/१७ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटरः पुरुषोत्तम अमात्य**
**इजाजतपत्र नं. ५०१, फोन नं. ९८५१११९७६६**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/०१/२७ मा दर्ता भएको **प्रा.लि. नं. २१४८१८** को **एड्भान्स जानीटोरीयल सर्भिस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०२/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०८/२६ मा दर्ता भएको **प्रा.लि. नं. १७९७४१** को **लामा मल्टिप्रपोज प्रा.लि.** को मिति २०७९/०२/१९ मा सम्पन्न विशेष साधारणको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल : rokayasherbahadur723@gmail.com**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९/०२/२०

यस कम्पनीको मिति २०७९/०२/०९ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **इजिटेक मिडिया प्रा.लि. (प्रा.लि. नं. २०५२०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०२/१२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **इजिटेक ट्रेडिङ्ग कन्सर्न प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६४/०२/१७ मा दर्ता भएको **प्रा.लि. नं. ४६१५० को फोनजोन सोलुसन्स प्रा.लि.** को मिति २०७९/०२/१९ मा सम्पन्न विशेष साधारणको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल : rokayasherbahadur723@gmail.com**

**Inivitation for Online Seal Quatation**

**Government of Nepal**
**Chhabispathibhera Rural Municipality**
**Byansi , Bajhang**
**Sudarpaschim Province Nepal**
**Date of Publication ( Jun 3 ,2022)**

**Invitation for Seal Quatation**

1 The Chhabispathibhera Rural Municipality Byansi Bajhang invites Online Seal Quatation Form eligible bidder for the construction of the following works.

| Contrect idenification no | Description of work | Estimated Amount (Exclusive VAT ) | Bid Doc. Fee NRs | Bid Security NRs | Bid Security Validity | Remarks |
|---|---|---|---|---|---|---|
| CPRMBJH/S/W/S/01-2078-79 | Helth Post Building construction work at CPRM-2 | 1750252 | 1000 | 50000 | 45 Days | |
| CPRMBJH/S/W/S/02-2078-79 | Helth Post Fild and other construction work at CPRM-2 | 786054 | 1000 | 20000 | 45 Days | |

2. Eligible Bidders may obtain further information form PPMO website:www.bolpatra.gov.np/egp.

| Last Date and Time for Bid Purchase | Lasta Date and Time for Bid Submission | Date and Time for Bid Opening |
|---|---|---|
| Date:Jun 17,2022 12:00 | Date:Jun 17,2022 12:00 | Date:Jun17,2022 13:00 |

| | | | |
|---|---|---|---|
| Cash Deposit for Purchases of bid Document | | Cash Deposite for Bid Security | |
| Bank | Kumari Bank LTD Byansi, Bajhang | Bank | Kumari Bank Byansi, Bajhang |
| Account Name | Chhabispathibhera Rural Municipality | Account Name | Chhabispathibhera Rural Municipality |
| Account Number | 0900037896700022 | Account Number | 0900037897600003 |
| Office code | 801077006 | Office code | 801077006 |

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२० जेठ २०७९, शुक्रबार
3 June 2022, Friday

## सम्पादकीय

# दलतन्त्रको खतरा र संकट

आगामी वर्ष ०७९/०८० का लागि सरकारले संघीय संसदमा पेश गरेको बजेटमाथि संघीय संसदमा छलफल चलिरहेको छ । अर्थमन्त्री जनार्दन शर्माले १५ जेठमा संयुक्त अधिवेशनमा १७ खर्ब ९३ अर्ब ८३ करोडको बजेट पेश गरेका थिए । अर्थमन्त्री शर्माले पेश गरेको बजेटमाथि भने प्रतिनिधिसभा र राष्ट्रियसभामा अलगअलग छलफल चलिरहेको छ । विपक्षी दल नेकपा एमालेले ९ महिना लामो संसद अवरोध हटाएपछि प्रस्तुत भएको बजेटमाथि बजेटका विभिन्न पक्षमाथि सांसदहरूले छलफल गरिरहेका छन् । सरकारले बजेट ल्याएपनि संसदले अनुमोदन गरेपछि मात्रै कार्यान्वयन हुने भएकाले छलफल नियमित प्रक्रिया हो । त्यसो भएकाले सांसदहरूले बजेटमाथि राख्ने बक्तव्य अर्थपूर्ण हुनेगर्छ । यदि सांसदहरूको बहुमत नजुटेमा बजेट संशोधन गर्नुपर्ने हुन्छ ।

त्यसैले अर्थमन्त्रीले सांसदहरूको धारणालाई मसिनोगरी सुन्न आवश्यक हुन्छ । अर्थमन्त्री शर्मा सहित मन्त्रीहरूले सांसदहरूको अभिव्यक्ति सुनिरहेका पनि छन् । तर सांसदहरूले के बोल्दैछन् भन्ने चाहिँ लगभग पूर्वनिर्धारित छ । सत्ता पक्षका सांसदहरूले बजेटको प्रशंसा गर्दै बचाऊमा उभिएका छन् । बजेटका विभिन्न शीर्षकमाथि सत्तारूढ सांसदहरूले बचाऊ गरिरहेका छन् भने विपक्षी दल एमालेका सांसदहरूले बजेट राम्रो नआएको निष्कर्ष प्रस्तुत गरिरहेका छन् । दलीय प्रणालीमा सांसदहरूले पार्टीकै धारणा राख्नु अन्यथा होइन । तर सत्ता र संसद अलग कुरा हो । सरकार सांसदहरूको बहुमत समर्थनबाट बन्ने भएकाले सांसदहरूको चित्त बुझ्दो काम सरकारले गर्नु दायित्व हो । तर हाम्रो सन्दर्भमा कतिपय अवस्थामा सरकार, संसद र दल लगभग एउटै जस्तो देखिदै आएको छ ।

बजेट पारित गराउनुपर्ने भएकाले पनि दलहरूले बजेट अनुमोदनको पक्षमा ह्वीप लगाउने गरेका छन् । यसलाई पनि अन्यथा लिन हुन्न । तर त्यसको अर्थ सांसदहरूले आफ्नो कुरा राख्नै नसक्ने भने हुनु हुन्न । सांसदहरूले जनताको पक्षमा बजेट आए, नआएको कुरा संसदमा राख्नुपर्छ । यदि त्यसो नहुने हो भने बजेट जनताबाट अलग हुँदै जाने हुन्छ । अझ बजेट नीतिगत कुरा भएकाले पनि जनताबाट अलग भएर अनुमोदन हुने परिस्थितिले लोकतन्त्रलाई बलियो बनाउन सक्दैन । जसको परिणाम भने दलीय उम्मेदवार पराजित गरी काठमाडौं, धरान, धनगढी लगायत ठूला शहरमा स्वतन्त्र उम्मेदवार जनप्रतिनिधि निर्वाचित हुनु पनि हो । यदि दलहरूले जनताका आवश्यकताबारे बोल्न छाडे भने यस्तो प्रवृत्ति अझ बढेर जाने देखिन्छ । अतः कम्तिमा बजेटमाथि छलफल गर्दा सांसदहरूले आफू निर्वाचित भएका जनताको पक्षमा बेट आए, नआएको ध्यान दिएर आफ्नो कुरा राख्नु हुन्छ ।

# चुनावी मौसम र बजेट

*बागी र स्वतन्त्र उम्मेदवारको संख्या बढ्नु भनेको बहुदलीय व्यवस्थाको विकल्प खोजेको होइन र ? नत्र बालेनहरूको उदय किन भयो ? कार्यपालिकाको वैठकलाई लाइभ प्रसार किन गर्नुपर्‍यो ? जनताले विकल्प खोजेरै त हो ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'



चुनाव सकियो, सकिएको ६ घण्टा नपुग्दै इन्धनको भाउ बढाइयो । घटाउने हल्ला संसदमा गरियो तर, पंक्ति तयार गर्दासम्म इन्धनको भाउ घटेको थिएन, बरु ग्याँस छोडौं विजुली जोडौं भन्दै थिए अर्थमन्त्री बजेटमा । मेलम्ची भने फास्ट ट्र्याकमै बन्द भयो । दोस्रोपल्ट, अदालतले सिट दिँदा खुसी निजगढलाई दुहुनो गाई बनाउन नपाउँदा बेखुसी, सबैतिर रोइलो छ अहिले । पोहोर त असार १ सम्म कुरिएको, अहिले त जेठको सत्रैमा सुत्यो मेलम्ची । अब सायद, अर्को ठूलो चुनाव नभई उठ्दैन, त्यतिबेला बालेन, हर्क, लिङ्देन, हमालहरुको पोजिशन हेरेर मेलम्ची उठ्ला या नउठ्ला ! नभए नयाँ जोगीहरु बुरुक् बुरुक् उफ्रन्छन्, देशको साँचो हामीसँगै छ भन्दै दलहरु गठजोडमा अर्को जोड अप्राकृतिक नै भए पनि गर्न सक्छन् देशमा, राजनीति हो भरै छैन ।

हल्लै हल्लामा चुनाव आयो र गयो पनि, कसैलाई दसैं आए जस्तो भयो कसैलाई पूर्ण शोक । स्याङ्जा शोकमा डुब्यो, अन्यत्र पनि धेरै देखियो बेहोसीपना । दललाई लोप्पा खुवाउँदै काठमाडौं उठ्यो लठी लिएर, यो संकेत देशकै लागि हो । के दिए दलले, परनिर्भरताको अर्थतन्त्र ? भारतले गहुँ निकासीमा रोक लगायो, यहाँ सुख्खा रोटी खाने अवस्था अब के होला ? तेल त भान्छामा छैन, हुँदा-हुँदा भूटान पनि यो देशको निर्यातक मुलुक भएछ । भूटानसँगको व्यापारघाटा निर्यातको भन्दा तेब्बर रहेछ हाम्रो । यो देशलाई हरिकंगाल बनाए दलहरुले र भोट हालेर आएको रातमा बिउँझन नपाई पेट्रोल र डिजेलले उपभोक्तालाई लोप्पा खुवाइदियो । ताकेर बसेको रहेछ, मौका आएपछि हिर्काइहाल्ने त्यो पनि पुर्पुरो सेक्ने गरी । श्रीलंकाका नेताहरुको घर अग्नि दहनमा परेको छ, खान नपाएपछि मान्छेले गति छोड्छ । ठूला सपना देखाइयो यहाँ, देशबासीको आँसु पुछ्ने कोही भएन । शक्तिको लागि मतपेटिका लुट्ने, आगजनी गर्ने निर्लज्ज हर्कत् देखियो अहिलेको चुनावमा पदमा पुग्न कत्रो चटारो ? छोरी र बुहारी नै आउनु पर्ने कत्रो आशा त्यो पनि लगातार, देश बिर्ता नै पाए जस्तो । गणतन्त्र दिवस आयो, बालेनहरुको शपथ र पद बहाली ढीलो गरियो, महँगा हेलिकप्टरले देशैभरि सयर गरे । भीख मागेको विदेशी पैसाले यहाँ भ्यूटावरले गरिबीको चित्र कोर्दैछ, हेर्दैछ ।

देशमा प्रजातन्त्र मात्रै आएन, लोकतन्त्र, संघीयता र गणतन्त्रसमेत आयो र त देश परनिर्भर छ । देशमा सुको उत्पादन छैन, अनि विश्वमा के घटना घट्छ त्यसको प्रभाव परिहाल्छ । पछिल्लो समय खाने तेल किन्न नसकिएको अवस्था छ, यहाँ मात्रै होइन भारतमा पनि । ग्यासको पछिल्लो मूल्य सूची र पेट्रोलियम पदार्थको अवस्था, आपूर्ति, त्यसको मूल्य, त्यसले पार्ने दैनन्दिन प्रभाव हेर्दा जीउ मात्रै हल्लन्न, भूकम्पले हल्लाएझैं देशै हल्लन्छ । भोट दिने समय आइरहँदा रोजगारीको समय नआउने, मन नलागे नो भोटको सिष्टम राख्न भनी अदालतले आदेश दिएको ६ वर्ष पूरा भएछ अत्तो पत्तो छैन । फ्रान्सको शैलीमा यहाँ १८ वर्ष पुगेकै भोलिपल्ट भोट हाल्न पाइने भएको छ तर, बेरोजगार भए त्यसको सुनुवाइ कतै हुन्न र खाडीमा भासिन्छन् नेपालीहरु । खोजी गरेमा विदेश नभासिएको घर परिवार छैन देशमा ।

